# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७९।०३।२९ गते।

## प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको।

जिल्ला खेलकुद विकास समितिको कार्यालय, सप्तरीद्वारा राजविराज नगरपालिकास्थित राजरङ्गशाला खेलमैदान स्तरोन्नति कार्यको लागि आर्थिक बर्ष २०७३/०७४ मा बजेट विनियोजन भएकोमा बजेट बराबरको काम नगरी अनियमितता गरेको भन्ने उजुरी निवेदन सम्बन्धमा अनुसन्धान हुँदा निर्धारित शर्त तथा मापदण्ड (स्पेशिफिकेशन) विपरीतको कार्यलाई मापदण्ड बमोजिम नै भएको भनी प्रमाणित वा स्वीकृत गर्ने, फिल्डमा कम काम भएकोमा वढी काम भएको भनी नापी किताबमा मूल्याङ्कन गरी चढाउने तथा कार्य सम्पन्न प्रतिवेदन तयार गर्ने एवं निर्धारित शर्त तथा मापदण्ड बमोजिम काम नगरी/नगराई गलत प्रतिवेदन तयार गरी भुक्तानीको लागि सिफारिस गरी सरकारी रकमको हिनामिना गर्ने देहायका व्यक्तिहरुउपर देहाय बमोजिम सजायको मागदावी लिई आज बिशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ ।

**देहायः**

(१) **जिल्ला खेलकुद विकास समिति सप्तरीका तत्कालीन अध्यक्ष एजेट न्यासुर**ले आर्थिक वर्ष २०७३/०७४ मा राजरङ्गशाला स्तरोन्नति कार्यको लागि जिल्ला खेलकुद विकास समिति सप्तरी र उदय निर्माण सेवा बीच सम्झौता भएको निर्माण कार्यको सम्बन्धमा निर्धारित शर्त तथा मापदण्ड (स्पेशिफिकेशन) विपरित कार्य गर्नेलाई वा त्यस्तो कार्यलाई गुणस्तरयुक्त, शर्त तथा मापदण्डबमोजिम भएको हो भनी प्रमाणित वा स्वीकृत गरी गराई, फिल्डमा कम काम भएकोमा वढी काम भएको भनी नापी किताबमा मुल्याङ्कन गरी चढाउने कार्यलाई ठीक भएको भनी स्वीकृत गरी तथा काम नै पुरा नभएको कार्य सम्पन्न प्रतिवेदनलाई काम पुरा भएको भनी स्वीकृत गरी रु.१३,२७,४३०।४० काम गरेको परिमाण भन्दा वढी परिमाणको काम भएको भनी भुक्तानी दिई नेपाल सरकारलाई हानीनोक्सानी गरेको हुँदा निजले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ग) बमोजिमको कसुर गरेकोले निजको हकमा वढी भुक्तानी भएको जम्मा रकम रू.१३,२७,४३०।४० (तेह्र लाख सत्ताईस हजार चार सय तीस रुपैया चालिस पैसा) विगो कायम गरी निज एजेट न्यासुरलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) अनुसार कैद एवम् जरीवाना गरी निजबाट कायम हुन आएको बिगो असुलउपर हुन मागदाबी लिइएको छ ।

साथै निज एजेट न्यासुरले खेलकुद बिकास समिति, सप्तरीका तत्कालीन उपाध्यक्ष धिरेन्द्र बर्मा (धिरु)लाई रु.२,००,०००।- प्रचलित कानुन विपरीत पेश्की दिई सो रकमबाट कुनै काम नगरे/नभएको तथा पेश्की फछ्र्यौटसमेत नगरी सरकारी रकम हिनामिना गरी निजले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुर गरेको देखिएकोले निजलाई प्रचलित कानुन विपरीत दिएको पेश्की रकम रु.२,००,०००।- (दुई लाख रुपैंया) विगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिमको सजाय मागदावी लिई सोही ऐनको दफा १७ बमोजिम हानि नोक्सानी भएको सम्पत्ति निजबाट असुलउपर गर्न समेत मागदाबी लिइएको छ ।

यसैगरी निज एजेट न्यासुरले नापी किताब, भुक्तानी बिल र कार्य सम्पादन प्रतिवेदन चेकजाँच गरी मात्र स्वीकृत गर्नुपर्ने जिमेवारी भएता पनि सो नगरी नापी किताब, भुक्तानी भौचर र कार्य सम्पन्न प्रतिवेदनको स्वीकृत गर्ने महलमा दस्तखत गरी भए गरेको कुरा लुकाईछिपाई र नभए नगरेको कुरा देखाई वदनियतपूर्वक गलत नापी किताब, अन्तिम

बिल भौचर र कार्यसम्पादन प्रतिवेदन स्वीकृत गरी भुक्तानी समेत गरेबाट निजले भष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसुर गरेको पुष्टि हुन आएकोले निजलाई गलत प्रतिवेदनको लागि सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम कैद र जरिवानाको मागदाबी लिइएको छ ।

**(२) जिल्ला खेलकुद विकास समिति सप्तरीका तत्कालीन उपाध्यक्ष धिरेन्द्र बर्माले** आर्थिक वर्ष २०७४/०७५ मा राजरङ्गशाला स्तरोन्नति कार्यको लागि जिल्ला खेलकुद विकास समिति सप्तरी र न्यू गहिल कन्स्ट्रक्सन बीच सम्झौता भएको निर्माण कार्य सम्पूर्णरुपमा सम्पन्न नभई समितिको खातामा बाँकी रहेको रकमबाट धिरेन्द्र बर्मा (धिरु)ले राजरङ्गशालामा निर्माण कार्य गर्ने भनी रु.२,००,०००।- पेश्की लिई कुनै काम नगरेको तथा पेश्की समेत फछ्र्यौट नगरी हिनामिना गरेको देखिन आएकोले निजले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुर गरेको पुष्टि हुन आएको हुँदा निज धिरेन्द्र बर्मालाई प्रचलित कानुन विपरीतको पेश्की रकम रु.२,००,०००।- (दुई लाख रुपैंया) बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्देश गरेबमोजिम सोहि ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिमको सजाय हुन तथा सोही ऐनको दफा १७ बमोजिम हानिनोक्सानी भएको सार्वजनिक सम्पत्ति निजबाट असुलउपर हुनसमेत मागदावी लिइएको छ ।

**(३) जिल्ला खेलकुद विकास समिति, सप्तरीका तत्कालीन कार्यालय प्रमुख महेन्द्र प्रसाद यादवले** आर्थिक वर्ष २०७३/०७४ मा राजरङ्गशाला स्तरोन्नति कार्यको लागि जिल्ला खेलकुद विकास समिति सप्तरी र उदय निर्माण सेवा बीच सम्झौता भएको निर्माण कार्यको सम्बन्धमा निर्धारित शर्त तथा मापदण्ड (स्पेशिफिकेशन) विपरीत कार्य गरी वा त्यस्तो कार्यलाई गुणस्तरयुक्त, शर्त तथा मापदण्डबमोजिम भएको हो भनी प्रमाणित/ स्वीकृत गरी गराई उदय निर्माण सेवालाई उक्त निर्माण सेवाले गरेको काम भन्दा रु. ७,५७,६२०।- वढी भुक्तानी दिई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ उपदफा (१) को देहाय (ग) बमोजिमको कसुर गरेको पुष्टि हुन आएकोले निजलाई रु .७,५७,६२०।- (सात लाख सन्ताउन्न हजार छ सय बीस रुपैंया) बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) अनुसार कैद र जरिवाना गरी कायम हुन आएको बिगो असुलउपर हुनसमेत मागदाबी लिइएको छ ।

**(४) जिल्ला खेलकुद विकास समिति सप्तरीका तत्कालीन कार्यालय प्रमुख लक्ष्मण मण्डल**ले आर्थिक वर्ष २०७३/०७४ मा राजरङ्गशाला स्तरोन्नति कार्यमा निर्धारित शर्त तथा मापदण्ड (स्पेशिफिकेशन) विपरीत कार्यलाई गुणस्तरयुक्त, शर्त तथा मापदण्डबमोजिम भएको हो भनी प्रमाणित वा स्वीकृत गरी काम भन्दा वढी भुक्तानी दिई निजले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ग) बमोजिमको कसुर गरेको पुष्टि हुन आएकोले निजलाई रु.५,६९,८१०।४० (पाँच लाख उनान्सत्तरी हजार आठ सय दश रुपैंया चालीस पैसा) विगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) अनुसार कैद एवं जरिवाना गरी कायम हुन आएको विगो असुल उपर हुनसमेत मागदावी लिइएको छ ।

साथै, निजले खेलकुद विकास समिति सप्तरीका तत्कालीन उपाध्यक्ष धिरेन्द्र वर्मा (धिरु) लाई प्रचलित कानुन विपरीत रकम रु.२,००,०००।- पेश्की दिई सो रकमवाट कुनै काम नगरे/नभएको तथा पेश्की फछ्र्यौटसमेत नगरी हिनामिना गरेको देखिएको हुँदा निजले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुर गरेको पुष्टि हुन आएकोले निजको हकमा प्रचलित कानुन विपरीत दिएको पेश्की रु.२,००,०००।- (दुई लाख रुपैंया) विगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिमको सजाय मागदावी लिई सोही ऐनको दफा १७ बमोजिम हानिनोक्सानी भएको सम्पत्ति निजबाट असुलउपर गर्न समेत मागदाबी लिइएको छ ।

**(५) जिल्ला समन्वय समितिको कार्यालय सप्तरीका तत्कालीन इन्जिनियर बिकास श्रेष्ठले** आर्थिक वर्ष २०७३/०७४ मा राजरङ्गशाला स्तरोन्नति कार्यको लागि जिल्ला खेलकुद बिकास समिति सप्तरी र उदय निर्माण सेवाबीच सम्झौता भएको निर्माण कार्यको सम्बन्धमा निर्धारित शर्त तथा मापदण्ड (स्पेशिफिकेशन) विपरीत कार्य गरी वा त्यस्तो कार्यलाई गुणस्तरयुक्त, शर्त तथा मापदण्डबमोजिम भएको हो भनी प्रमाणित गरी गराई, फिल्डमा कम काम भएकोमा वढी काम भएको भनी नापी किताबमा मूल्याङ्कन गरी चढाई निजले तयार गरी सिफारिस गरेको काम नै पूरा नभएको

कार्य सम्पादन प्रतिवेदनलाई काम सम्पन्न भएको भनी सिफारिस गरी कामको परिमाण भन्दा वढी परिमाणको काम गरेको भनी भुक्तानी गरेको देखिएबाट निजले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ग) बमोजिमको कसुर गरेको पुष्टी हुन आएकोले रु.१३,२७,४३०।४० (तेह्र लाख सत्ताईस हजार चार सय तीस रुपैया चालीस पैसा) बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) अनुसार कैद एवं जरीवाना गरी कायम हुन आएको बिगो असुलउपर हुनसमेत मागदावी लिइएको छ ।

साथै निज बिकास श्रेष्ठले नापी किताब, भुक्तानी बिल र कार्य सम्पादन प्रतिवेदन चेकजाँच गरी मात्र सिफारिस गर्नुपर्ने जिमेवारी भएता पनि सो नगरी नापी किताब र कार्य सम्पन्न प्रतिवेदन तयार तथा चेकजाँच गर्ने महलमा दस्तखत गरी भए गरेको कुरा लुकाई छिपाई र नभए नगरेको कुरा देखाई वदनियत पूर्वक गलत नापी किताब, अन्तिम बिल र कार्य सम्पादन प्रतिवेदन स्वीकृत गर्न सिफारीस गरी निजले भष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसुर गरेको पुष्टि हुन आएकोले निजलाई सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम कैद र जरिवानाको मागदाबी लिइएको छ ।

**(६) उदय निर्माण सेवाका सञ्चालक उदय श्रेष्ठ र सो निर्माण सेवाले** आर्थिक वर्ष २०७३/०७४ मा राजरङ्गशाला स्तरोन्नति कार्यको लागि जिल्ला खेलकुद विकास समिति सप्तरी र उदय निर्माण सेवा बीच सम्झौता भएको निर्माण कार्यको सम्बन्धमा निर्धारित शर्त तथा मापदण्ड (स्पेशिफिकेशन) विपरीत कार्य गरी तथा मापदण्ड बमोजिम नभएको काम मापदण्ड बमोजिम भएको भनी प्रमाणित गराई रु.१०,६३,९६२।- काम गरेको भन्दा वढी भुक्तानी लिएको देखिएकोले उदय निर्माण सेवा र सोका सञ्चालक उदय श्रेष्ठले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(४) बमोजिमको कसुर गरेको हुँदा उदय निर्माण सेवा र सोका सञ्चालक उदय श्रेष्ठलाई काम गरेको भन्दा वढी भुक्तानी भएको रकम रु.१०,६३,९६२।- (दश लाख त्रिसट्ठी हजार नौ सय बैसट्ठी) बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) अनुसार कैद एवं जरीवाना गरी कायम हुन आएको विगोसमेत जफत हुन मागदाबी लिइएको छ ।

**(७) न्यू गहिल कन्स्ट्रक्सनका सञ्चालक भिमराज यादव र सो निर्माण सेवाले** आर्थिक वर्ष २०७४/०७५ मा राजरङ्गशाला स्तरोन्नति कार्यको लागि जिल्ला खेलकुद विकास समिति सप्तरी र न्यू गहिल कन्स्ट्रक्सनबीच सम्झौता भएको निर्माण कार्यमा निज भिमराज यादवले निर्धारित शर्त तथा मापदण्ड (स्पेशिफिकेशन) विपरीत कार्य गरी वा त्यस्तो कार्यलाई गुणस्तरयुक्त, शर्त तथा मापदण्डबमोजिम भएको हो भनी प्रमाणित वा स्वीकृत गराई रु.२,६३,४६८.४०।- काम गरेको भन्दा वढी भुक्तानी लिएको देखिएकोले निजहरु न्यू गहिल कन्स्ट्रक्सन र सोका सञ्चालक भिमराज यादवले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(४) बमोजिमको कसुर गरेको पुष्टी हुन आएको हुँदा निजहरु न्यू गहिल कन्स्ट्रक्सन र सो कन्स्ट्रक्सनका सञ्चालक भिमराज यादवको हकमा रु.२,६३,४६८.४०।- (दुई लाख त्रिसट्ठी हजार चार सय अठ्सठ्ठी रूपैया चालिस पैसा) बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(४) अनुसार कैद एवं जरिवाना गरी कायम हुन आएको बिगोसमेत जफत हुन मागदावी लिइएको छ ।

प्रवक्ता

श्याम प्रसाद भण्डारी